**प्रस्तावहरु :**

प्रस्ताव नं. १ : श्रम रोजगार बैंकका सदस्य छनौट सम्वन्धमा ।
प्रस्ताव नं. २ : गाउँपालिकाको नाममा जग्गा पास गर्ने सम्वन्धमा ।
प्रस्ताव नं. ३ : वडा नं. २ मा गाउँपालिकाको जग्गा पास गर्ने सम्वन्धमा ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

## निर्णय नं. १ :

यस गाउँपालिकाको श्रम रोजगार बैंकलाई व्यवस्थित गर्ने कार्यविधि, २०७६ को नियम ३ को उपनियम (१) वमोजिम यस भगवतीमाई गाउँपालिकाको रोजगार बैंकको लागि आवश्यक श्रमिकहरुको छनौटको लागि वडा कार्यालयलाई पत्राचार गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

## निर्णय नं. २ :

यस भगवतीमाई गाउँपालिका वडा नं. ५ निवासी श्री सन्तबहादुर खड्का लगायतको भगवतीमाई गाउँपालिका वडा नं. ५ साविक कट्टी गा.वि.स. वडा नं. ९ स्यान्तडामा रहेको देहाय वमोजिमको जग्गा हाल भगवतीमाई गाउँपालिका वडा नं. १ निवासी गणेशबहादुर थापाको स्वामित्वमा रहेकोमा उक्त जग्गा जग्गाधनी सन्तबहादुर खड्काले आफ्नो नाममा पास गरी भगवतीमाई गाउँपालकाको नाममा दान स्वरुप पास गर्न मञ्जुर रहेको हुँदा निजको जग्गा यस भगवतीमाई गाउँपालिकाको नाममा पास गर्ने निर्णय गरियो

**तपसिल :**

| क्र.सं. | कित्ता नं. | क्षेत्रफल(वर्ग मिटर) | कैफियत |
|---|---|---|---|
| १. | ८४८ | ५०० | पुरै |
| २. | ७७४ | ५५४।४५ | पुरै |
| ३. | ८५० | ५०० | पुरै |
| ४. | ८४२ | १३२० | पुरै |
| ५. | ८४६ | ५०० | पुरै |
| ६. | ७७३ | ६२५ | पुरै |
| ७. | ८४४ | ५०० | पुरै |

## निर्णय नं. ३ :

यस भगवतीमाई गाउँपालिका वडा नं. २ निवासी श्री जयबहादुर शाही र लोकबहादुर शाही, वडा नं. १ निवासी श्री मदनप्रकाश थापा र वडा नं. ४ निवासी नन्दकला शाहीले आफ्नो नाममा दर्ता कायम रहेको भगवतीमाई गाउँपालिका वडा नं. २ वेस्तडामा रहेको तपसिल अनुसारको जग्गा यस भगवतीमाई गाउँपालिकाको नाममा दान गरी पास गर्न मञ्जुर भएको हुँदा निज जग्गा धनीहरुको नाममा रहेको जग्गा यस भगवतीमाई गाउँपालिकाको नाममा पास गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | जग्गा धनीको नाम | कित्ता नं. | क्षेत्रफल(वर्ग मिटर) | पास गर्नुपर्ने |
|---|---|---|---|---|
| १. | जयबहादुर शाही | ४९१ | | |
| २. | मदनप्रकाश थापा | ४९३ | १५० | |
| ३. | लोकबहादुर शाही | ४९४ | ३२५ | |
| ४. | नन्दकला शाही | ४९६ | २२५ | पुरै |